# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम स्वीटजरल्याण्डको जेनेभामा हुने ग्याटको सभामा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१)को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री अरूणचन्द्र प्रधानलाई मिति २०४६।३।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रबिक्रम शाह दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को स्थायी समिति लगायत मन्त्रिस्तरीय बैठकमा भाग लिन पाकिस्तानतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१)को खण्ड(क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री ईश्वरीराज पाण्डेयलाई मिति २०४६।३।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु. मुख्य सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४६।२।१८ को निर्णयानुसार नेपाल कृषि सेवा, भेटेरिनरी समूह, पदसंकेत नं. कृ. प. ०९।९ रा. प. द्वि. श्रेणी (प्रा.) (उप-सचिवस्तर) का पशुचिकित्सक डा. श्री नटराज जोशीलाई सोही सेवा, समूह, पदसंकेत नं. कृ. प. १०।४ राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) (सह-सचिवस्तर) को प्रमुख पशुचिकित्सक पदमा मिति २०४५।१२।२४ देखि जेष्ठता कायम हुने गरी बढुवा गरी केन्द्रीय पशु स्वास्थ्य केन्द्र काठमाडौंमा पदस्थापन गरेको छ ।

आज्ञाले,
अक्रूरनरसिंह राणा
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१६४